# पहिलो इस्टर




लेखन Edward Hughes
चित्र Janie Forest
अनुवाद B.K. Shrestha
सयोजन Lyn Doerksen



Story 54 of 60

**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB R3C 2G1 Canada**



अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।






















छिट्टै नै येशू चेलाहरूकहाँ आउनुभयो र कीलाले छेंडेका आफ्ना हात तिनीहरूलाई देखाउनुभयो । त्यो साँचो थियो । येशू पुनःजीवित हुनुभयो ! उहाँलाई अस्वीकार गरेकोमा उहाँले पत्रुसलाई क्षमा दिनुभयो र उहाँको बारेमा सबैलाई बताउन आफ्ना चेलाहरूलाई आज्ञा गर्नुभयो । त्यसपछि उहाँ स्वर्ग फर्केर जानुभयो जहाँबाट उहाँ पहिलो ख्रीष्टमसको दिनमा आउनुभएको थियो ।

23

पहिलो इस्टर

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

मत्ती २६-२८, लूका २२-२४, यूहन्ना १३-२१
मा पाइन्छ

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।"
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भनः प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

नेपाली Nepali



यो सबै कसरी भयो ? कसरी येशूको सुन्दर जीवन यस्तो भयानक तरिकाले टुङ्गिन सक्यो ? कसरी परमेश्वरले आफ्ना पुत्रलाई क्रूसमा टाँगिएर मर्न दिनुभयो ? के येशूले कुनै गल्ती गर्नुभयो ? के परमेश्वर असफल हुनुभयो ?
3
अहँ ! परमेश्वर असफल हुनुभएको थिएन । येशूले कुनै गल्ती गर्नुभएको थिएन । दुष्ट मानिसहरूले आफूलाई मार्ने कुरा येशूलाई पहिलादेखि नै थाहा थियो । येशू बालकै हुनुहुँदा नै शिमियोन नाम गरेका वृद्ध मानिसले यो दुःखको कुरा मरियमलाई भनेका थिए ।
4
येशू मारिनुभन्दा केही दिन अगाडि एउटी स्त्रीले उहाँका पाउमा सुगन्धित मल्हम खन्याइन् । "उनले पैसाको बर्बादी गरिरहेकी छिन्," चेलाहरूले गुनासो गरे । "उनले असल काम गरेकी छिन्," येशूले भन्नुभयो । "उनले यो काम मेरो अन्तिम संस्कारको निम्ति गरेकी हुन् ।" कति अनौठा वचनहरू !
5
त्यसपछि येशूका बाह्रजना चेलाहरूमध्ये एक यहूदाले येशूलाई धोका दिने र तीस टुक्रा चाँदीमा उहाँलाई मुख्य पूजाहारीको हातमा पक्राइदिने निर्णय गऱ्यो ।
6
यहूदी निस्तार चाडको भोजमा येशूले आफ्ना चेलाहरूसँग अन्तिम भोजन खानुभयो । उहाँले तिनीहरूलाई परमेश्वरको बारेमा र उहाँलाई प्रेम गर्नेहरूप्रति उहाँले गर्नुभएका प्रतिज्ञाहरूका बारेमा आश्चर्यजनक कुराहरू भन्नुभयो । त्यसपछि येशूले तिनीहरूले बाँडेर खाऊन् भनी तिनीहरूलाई रोटी र कचौरा दिनुभयो । यी कुराहरूले चाहिँ येशूको शरीर र रगत पापहरूको क्षमादान ल्याउनको निम्ति अर्पण गरिएका थिए भन्ने कुरा स्मरण गराउँछन् ।
7
त्यसपछि येशूले आफूलाई धोका दिइने र चेलाहरू भागेर जाने कुरा आफ्ना साथीहरूलाई भन्नुभयो । पत्रुसले जोर दिँदै भने, "म भाग्नेछैनँ" । अनि येशूले भन्नुभयो, "आज भाले बास्नुभन्दा अगावै तिमीले मलाई तीनपल्ट अस्वीकार गर्नेछौ" ।
8
पछि त्यही रातमा येशू गेतसमनीको बगैंचामा प्रार्थना गर्न जानुभयो । उहाँसँगै भएका चेलाहरू निदाए । "हे मेरा पिता," येशूले प्रार्थना गर्नुभयो, "....यो कचौरा मबाट हटाइदिनुहोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस् ।"
9
अचानक मानिसहरूको एउटा भीड त्यो बगैंचाभित्र पस्यो जसको अगुवाइ यहूदाले गरेको थियो । येशूले प्रतिवाद गर्नुभएन तर पत्रुसले एकजनाको कान काटिदिए । शान्त भएर येशूले त्यो मानिसको कान छोइदिनुभयो र उसलाई निको पारिदिनुभयो । उहाँको पक्राउ परमेश्वरको इच्छाको एउटा अंश थियो भन्ने येशूलाई थाहा थियो ।
10
त्यो भीडले येशूलाई प्रधान पूजाहारीको घरमा लग्यो । त्यहाँ यहूदी अगुवाहरूले येशू मर्नैपर्छ भनी भने । नजिकै, पत्रुसले चाहिँ नोकरहरूले आगो बालेका ठाउँमा उभिएर येशूलाई हेरिरहे ।
11
मानिसहरूले तीनपटक पत्रुसलाई नियालेर हेरे र भने, "तिमी येशूसँगै थियौ ?" येशूले भन्नुभएझैं पत्रुसले यो कुरालाई तीनपटक अस्वीकार गरे । पत्रुसले सराप हालेर कसमसमेत खाए ।
12
कुखुरी काँ आँ आँ - - -
त्यति बेला नै भाले बास्यो । त्यो त परमेश्वर पत्रुससँग बोल्नुभएको जस्तै भयो । येशूका वचनलाई सम्झेर पत्रुस भक्कानो फुटाएर रोए ।
13
यहूदाले पनि पछुतो गऱ्यो । येशू कुनै पनि पाप वा अपराधको दोषी हुनुहुन्थेन भन्ने उसलाई थाहा थियो । यहूदाले तीस टुक्रा चाँदी फिर्ता दियो तर पूजाहारीहरूले त्यो लिन मानेनन् । यहूदा त्यो पैसा भुइँमै फालेर बाहिर गयो – अनि झुण्डिएर आत्महत्या गऱ्यो ।
14
पूजाहारीहरूले येशूलाई रोमी राज्यपाल पिलातसको सामु ल्याए । पिलातसले भने, "म यी मानिसमा कुनै दोष पाउँदिनँ ।" तर भीड चिच्चाइरह्यो, "त्यसलाई क्रूसमा टाँगियोस् ! त्यसलाई क्रूसमा टाँगियोस् !"
15
अन्त्यमा पिलातसले भीडकै कुरा माने र येशूलाई क्रूसमा टाँगेर मार्ने सजाय दिए । सिपाहीहरूले येशूलाई मुक्का हाने, उहाँको अनुहारमा थुके र उहाँलाई कोर्रा लगाए । तिनीहरूले लामा तीखा काँडाहरूले बनाइएको मुकुट उहाँको शिरमा गाडेर लगाइदिए । त्यसपछि तिनीहरूले उहाँलाई काठको क्रूसमा कीला ठोकी झुण्ड्याएर मारे ।
16
येशूलाई आफू त्यस प्रकारले मर्ने कुरा पहिलादेखि नै थाहा थियो । उहाँमाथि भरोसा गर्नेहरूलाई उहाँको मृत्युले पापको क्षमादान ल्याइदिनेथियो भन्ने कुरा पनि उहाँ जान्नुहुन्थ्यो । येशूका दुईतिर दुईजना अपराधीहरू पनि क्रूसमा टाँगिएका थिए । एउटाले येशूमाथि विश्वास गऱ्यो र स्वर्ग गयो । अर्कोले चाहिँ विश्वास गरेन ।
17
घण्टौंसम्म कष्ट भोगेपछि येशूले भन्नुभयो, "अब पूरा भयो" र उहाँ मर्नुभयो । उहाँको काम पूरा भयो । उहाँका साथीहरूले उहाँलाई एउटा व्यक्तिगत चिहानमा गाडे ।
18